## प्रेस विज्ञप्ति

आज मिति २०७५/४/३० गते बुधबारका दिन चालु आर्थिक वर्ष २०७५/७६ को बजेट कार्यान्वयनको कार्ययोजना बमोजिमका कार्यहरुलाई सघन रुपमा अगाडि बढाउने सिलसिलामा माननीय अर्थमन्त्री डा.युवराज खतिवडाज्यूको समुपस्थितिमा सबै मन्त्रालयका सचिवहरु बीच छलफल कार्यक्रम आयोजना गरियो।उक्त कार्यक्रममा राष्ट्रिय योजना आयोगका माननीय सदस्य श्री कृष्ण प्रसाद ओलीज्यूको समेत उपस्थिति रहेको थियो ।

उक्त अवसरमा विभिन्न मन्त्रालयका सचिवहरुबाट सम्पादन हुने कार्यहरुलाई अझ बढी दक्ष, प्रभावकारी, गुणस्तरीय तथा मापनयोग्य बनाउने बिषयमा जोड दिनु हुदै माननीय अर्थमन्त्री डा. युवराज खतिवडाज्यूले बजेट कार्यान्वयन गर्दा आर्थिक अनुशासन कायम गर्ने, आर्थिक कार्यविधि ऐनको परिधिलाई ख्याल गरी बजेट कार्यान्वयन गर्ने, चालु आर्थिक वर्षमा मन्त्रालयलाई विनियोजित बजेटबाटै आबश्यकता अनुसार कार्यक्रम सञ्चालन गर्ने, खरीद तर्फ भन्दा आयोजनालाई नै सम्पन्न गर्न बढी ध्यान दिने, चालु आर्थिक वर्ष शुरुवात हुदै गैरबजेटरी निकासा माग गर्ने प्रबृत्तिलाई सम्वन्धित सचिवले नै नियन्त्रण गर्नु पर्ने, बहुबर्षीय आयोजनाको बजेट तर्जुमा गर्दा मध्यकालीन खर्च संरचनामा व्यवस्था भएको स्रोत सुनिश्चिततालाई ध्यान दिनु पर्ने कुरामा जोड दिनु भएको थियो। त्यसैगरी उहाँले वैदेशिक सहायतामा सञ्चालन हुने आयोजनाहरुको मन्त्रालयस्तरबाट नै आयोजना परिपक्वता विकास नगरी अर्थ मन्त्रालयसंगको छलफल पछि मात्र आयोजनाको परिपक्वता विकास गरी सम्झौताको चरणमा लैजाने ,बैदेशिक सहायता खर्च गर्दा पुरा गर्नु पर्ने शर्तहरु पुरा नगरी खर्च गर्ने र सहायता प्राप्त नभएपछि स्रोतान्तरका लागि अनुरोध गर्ने प्रवृत्ति अन्त्य गर्ने, बैदेशिक ऋण उच्च प्रतिफल दर भएका आयोजनाका लागि मात्र लिई कल्याणकारी खर्च आन्तरिक स्रोतबाट मात्र गर्नु पर्ने भन्नु हुँदै मन्त्रालयहरुले बजेट र कार्यक्रम मातहतमा पुगे नपुगेको र कार्यक्रम शुरु भए नभएको बिषयमा र राष्ट्रिय योजना आयोगले राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाहरुको नियमित अनुगमनमा जोड दिनुपर्ने आवश्यकता औंल्याउनु भयो।

छलफल कार्यक्रममा अर्थ सचिव डा.राजन खनालले आर्थिक बर्षको अन्तमा खर्च हुने पर्याप्त तयारी नगरी थप रकम माग नगर्न, नयाँ संगठन संरचनाको लागि रकम माग गर्दा पुराना संगठनको बचत हुने स्रोतलाई पनि बिश्लेषण गरेर मात्र गर्ने कुरामा ध्यान दिन निर्देशन दिनु भयो ।बजेट अनुशासन कायम गर्न बिशेष जोड दिनु हुँदै प्राथमिकतामा आधारित भई विनियोजित रकमबाट नै खर्च गर्न र आर्थिक वर्षको शुरु देखि नै थप बजेट माग गर्ने प्रवृत्तिलाई रोक्नु पर्ने कुरामा जोड दिनु भयो । सचिव (राजस्व) श्री शिशिर कुमार ढुङ्गानाले चालु आर्थिक वर्षको पहिलो महिनाको पूँजिगत खर्चको अवस्थावारे संक्षिप्त प्रकाश पार्नु हुदै यसको गतिलाई बढाउनु पर्ने आवश्यकतामा जोड दिनु हुँदै बैदेशिक सहायतामा सञ्चालित आयोजनाको सोधभर्नाको गति चुस्त पार्नु पर्ने, मन्त्रालयहरुले अवण्डा रकमलाई समयमा बाँडफाँट गर्नु पर्ने र कार्ययोजनालाई स्वमित्व ग्रहण गरी अघि बढनु पर्ने बिषयमा जोड दिनु भयो ।

कार्यक्रमको सञ्चालन गर्नु हुँदै अर्थ मन्त्रालयका योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा प्रमुख श्री चन्द्रकला पौडेलले चालु आर्थिक वर्षको कार्ययोजनाको कार्यन्वयनमा सबै मन्त्रालय प्रति अर्थमन्त्रालयको अपेक्षाका सम्वन्धमा संक्षिप्त प्रस्तुति राख्नुका साथै गत आर्थिक वर्ष २०७४/७५ को बजेट खर्चको सार संक्षेप विवरण, गत आर्थिक वर्षको बजेट कार्यान्वयनका क्रममा देखिएका केही तथ्य, बिगत ५ वर्षको खर्चको तुलनात्मक प्रगतिको विवरण, २०७५ असार मसान्तसम्मको सोधभर्नाको अवस्था बारे बिबरण पेश गर्नु हुँदै आर्थिक वर्ष २०७४ ७५/मा चालु खर्च, पूँजितग खर्च र वित्तीय व्यवस्था तर्फ लक्ष्यको तुलनामा क्रमशः ८७, ८०, र ७८ प्रतिशत खर्च भै कुल ८० प्रतिशत प्रगति हासिल भएको बिबरण प्रस्तुत गर्नु भएको थियो ।राष्ट्रिय गौरवका आयोजनाहरुको खर्चको विश्लेषण प्रस्तुत गर्नु हुँदै कूल विनियोजन रु.६३७०.५४ करोड रहेकोमा खर्च रु. ६९८५.०८ करोड भै १०९.६५ प्रतिशत प्रगति भएको बिबरण पेश गर्नु भयो।

आर्थिक वर्ष २०७४/७५ को खर्चको संक्षिप्त विवरण, विगत ५ वर्षको खर्चको तुलनात्मक प्रगतिको विवरण (प्रतिशतमा) र २०७५ असार मसान्तसम्मको बैदेशिक सहायताको सोधभर्ना अवस्था निम्न बमोजिम रहेको छः

## आर्थिक वर्ष २०७४/७५ को खर्चको संक्षिप्त विवरण

| खर्चको प्रकार | विनियोजन (अर्वमा) | खर्च (अर्वमा) | प्रतिशत |
|---|---|---|---|
| चालु खर्च | ८०३ | ६९६ | ८७ |
| पूंजीगत खर्च | ३३५ | २६८ | ८० |
| वित्तीय व्यवस्था | १४१ | १०९ | ७८ |
| **जम्मा** | **१२७९** | **१०७३** | **८४** |

## विगत ५ वर्षको खर्चको तुलनात्मक प्रगतिको विवरण (प्रतिशतमा)

| विवरण | २०७०/७१ | २०७१/७२ | २०७२/७३ | २०७३/७४ | २०७४/७५ |
|---|---|---|---|---|---|
| **कुल खर्च %** | ५१ | ८६ | ७३ | ८० | ८४ |
| चालु | ३७ | ८५ | ७७ | ८४ | ८७ |
| पूंजीगत | ७८ | ७६ | ५९ | ६७ | ८० |
| वित्तीय व्यवस्था | ८२ | १०१ | ८४ | ९२ | ७८ |
| संघीय संचित कोषमाथि व्ययभार | ८९ | ९७ | ९० | १०८ | ८६ |
| संघीय संचित कोषबाट विनियोजन हुने | ८३ | ८४ | ७१ | ७८ | ८४ |

## २०७५ असार मसान्तसम्मको बैदेशिक सहायताको सोधभर्ना अवस्थाः

| विवरण | रकम रु. |
|---|---|
| आ.ब. २०७३/७४ सम्मको सोधभर्ना बाँकी | ४२ अर्ब ९४ करोड |
| आ.ब. २०७४/७५ को खर्च | ७९ अर्ब २३ करोड |
| **जम्मा सोधभर्ना लिनुपर्ने** | **१२२ अर्ब १९ करोड** |
| चालु आ.व. मा प्राप्त शोधभर्ना | ७२ अर्ब ३३ करोड |
| शोधभर्ना लिन बाँकी | ४९ अर्ब ८६ करोड |
| बन्द आयोजना तर्फको शोधभर्ना बाँकी | ५० करोड |

अर्थमन्त्रालय, सिंहदरवार
मिति २०७५/४/३०